# जनवकालत रणनीति तथा तरिकाहरु

## हिन्दू कुश-हिमाली क्षेत्रमा कार्यरत
## सामुदायिक सङ्घ-संस्थाहरुका लागि उपयोगी
## जनवकालत सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम पुस्तिका



# About the Organisations

## ICIMOD

The International Centre for Integrated Mountain Development (ICIMOD) is an independent 'Mountain Learning and Knowledge Centre' serving the eight countries of the Hindu Kush-Himalayas – Afghanistan, Bangladesh, Bhutan, China, India, Myanmar, Nepal, and Pakistan – and the global mountain community. Founded in 1983, ICIMOD is based in Kathmandu, Nepal, and brings together a partnership of regional member countries, partner institutions, and donors with a commitment for development action to secure a better future for the people and environment of the Hindu Kush-Himalayas. The primary objective of the Centre is to promote the development of an economically and environmentally sound mountain ecosystem and to improve the living standards of mountain populations.

## NAFAN

The National Forum for Advocacy, Nepal (NAFAN) is a network of non-government organisations committed to serve as a resource centre for capacity building in advocacy. The network was founded in 2004 and is based in Kathmandu, Nepal. The primary objective of the network is to bring clarity on the concept of advocacy and advocacy tools and techniques by means of capacity building activities throughout Nepal.

# जनवकालत रणनीति तथा तरिकाहरू

## (Advocacy Strategies and Approaches)

### हिन्दू कुश-हिमाली क्षेत्रमा कार्यरत सामुदायिक सङ्घ-संस्थाहरूका लागि उपयोगी जनवकालत सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम पुस्तिका

(A Training of Trainers Manual on Advocacy Strategies for Community-based Organisations in the Hindu Kush-Himalayas)

राष्ट्रिय जनवकालत मञ्च, नेपाल (नाफान)
तथा
अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)
काठमाडौं, नेपाल
अक्टोवर २००५

This publication is a full text translation of the manual '**Advocacy Strategies and Approache: A Training of Trainer Manual on Advocacy Strategies for Community-based Organisations in the Hindu Kush-HImalayas**' originally published in English by the International Centre for Integrated Mountain Development (ICIMOD) in Kathmandu, Nepal in 2005 with ISBN 92-9115-031-2

**सर्वाधिकार © २००५**

राष्ट्रिय जनवकालत मञ्च, नेपाल (नाफान) र
अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) मा
सर्वाधिकार सुरक्षित

**ISBN 92-9115-160-2**

**प्रकाशक**

राष्ट्रिय जनवकालत मञ्च, नेपाल (नाफान)
पो.ब. नं. ३२१६
ललितपुर, नेपाल
फोन नं. ९७७-१-५५३०२४४

**अंग्रेजी संस्करणको सम्पादक मण्डल**

नानीराम सुवेदी (मुख्य लेखक)
रोजमेरी ए. थापा (सल्लाहकार सम्पादक)
धर्मरत्न महर्जन (प्राविधिक सहयोग र साजसज्जा)

**नेपाली अनुवाद**

राम प्रसाद गौतम

**नेपाली भाषा सम्पादन**

डिल्लीराम अधिकारी

**छापाखाना**

हिलसाइड प्रेस
काठमाडौँ

If extended parts of these materials are used in formal training programmes, please credit ICIMOD as appropriate.

The views and interpretations in this paper are those of the authors. They are not attributable to the National Forum for Advocacy, Nepal (NAFAN) or International Centre for Integrated Mountain Development (ICIMOD) and do not imply the expression of any opinion concerning the legal status of any country, territory, city, or area of its authorities, or concerning the delimitation of its frontiers or boundaries.

# प्राक्कथन

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (ICIMOD) ले दिगो पर्वतीय विकासका लागि नागरिक समाजका संस्थाहरूको विकास प्रक्रियामा सहभागिता हुनुपर्ने कुरा एक महत्त्वपूर्ण पक्ष हो भन्ने कुरामा मान्यता प्रदान गर्दछ । हिन्दू कुश-हिमाली क्षेत्रमा बसोबास गर्ने अधिकांश मानिस विकासको नीति निर्माणप्रक्रियाको मूलधारबाट पछि परेका छन् भन्ने कुरा हालसम्म प्राप्त प्रमाणले देखाउँदछ । समुदायमा आधारित सङ्घ-संस्थाहरूको क्षमता वृद्धि उनीहरूका आवश्यकता र आवाजलाई नीति निर्माता तथा विकासे संस्थाहरूको ध्यान पर्वतीय क्षेत्रमा बसोबास गर्ने जनताको विकासका आवश्यकतामा ध्यान आकर्षित गर्ने एक प्रभावकारी माध्यम हुन सक्दछ जसले यस प्रकारको असमानता र केही हदसम्म अस्थिर प्रकारको दूरी कम गर्ने काम प्रभावकारी रूपमा अघिबढाउन सकून् । हिन्दू कुश-हिमाली क्षेत्रका सामुदायिक सङ्घ-संस्थाहरूका जनवकालत रणनीतिमा क्षमता अभिवृद्धि गर्ने हेतुले अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्रले सन् २००२ देखि क्षेत्रीय स्तरमा नयाँ कार्यक्रमको पहल सुरु गऱ्यो जुन् कार्यक्रमका लागि Interchurch Organization for Development Co-operation, Netherlands को सहयोग प्राप्त भएको छ ।

पर्वतीय क्षेत्रमा बसोबास गर्ने समुदायका आधारभूत अधिकारको रक्षा गर्ने उद्देश्यले अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्रले प्राकृतिक स्रोत व्यवस्थापनसँग सम्बन्धित सवालहरूलाई स्थानीय तहमा वैधानिक तथा वैज्ञानिक रूपले उनीहरूलाई सुसूचित गर्दै जनवकालत प्रक्रिया प्रभावकारी रूपमा सञ्चालन गर्न सक्षम बनाउन यस क्षेत्रका संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने कार्य गरिरहेको छ ।

हालमा भएका अनुसन्धान तथा व्याबहारिक अनुभवबाट के सिकिएको छ भने यदि हिमाली क्षेत्रमा कार्यरत संस्थाहरूले पर्याप्त अनुसन्धान गरी प्राप्त उपयुक्त तरिकाहरूको प्रयोग गर्नसके भने वास्तविक रूपमा यी संस्थाहरूले पर्वतीय क्षेत्रमा बसोबास गर्ने समुदायको अधिकार प्राप्तिका लागि प्रभावकारी वकालत गर्न सम्भावित सबलशक्तिका रूपमा स्थापित हुन सक्दछन् । यद्यपि यस क्षेत्रका सामुदायिक सङ्घ-संस्थाहरूमा जनवकालत सम्बन्धी धारणा, साधन, क्रियाविधि, प्रक्रिया र तरिकाहरूका बारेमा अपर्याप्त ज्ञान र जानकारी रहेको तथ्य हामी सामू स्पष्ट छ । साथै वैज्ञानिक रूपमा प्रमाणित सूचनाको पनि कमी छ । यस कारणले गर्दा अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्रले हिन्दू कुश-हिमाली क्षेत्रका छनोटमा परेका सामुदायिक संस्थाहरूको क्षमता वृद्धि तथा प्रवर्द्धन गर्ने कार्य गर्दछ, जसले गर्दा ती संस्थाहरूले हिमाली भेकका समुदायमा रहेको सामाजिक, आर्थिक, लैङ्गिक असमानताका सवालहरूमा ज्ञान वृद्धि गरी सम्बोधन गर्नका लागि रणनीति बनाउन सक्षम हुन्छन् । यसका साथै उनीहरूको जनवकालत सम्बन्धी धारणा र ज्ञान विकास गर्ने, जुन् ज्ञानको प्रयोग गरी जनवकालतका क्रियाकलाप सञ्चालन गर्न उनीहरू सक्षम हुन् । यी उद्देश्य प्राप्तिका लागि बङ्गलादेश, भारत, नेपाल र पाकिस्तानमा कार्यरत ४० वटा भन्दा बढी छनोट गरिएका नागरिक समाजका सञ्जालहरू गैरसरकारी सङ्घ-संस्थाहरूसँगको साझेदारी तथा संयुक्त सहयोगमा जनवकालतका कार्यक्रम सञ्चालन हुँदै आएका छन् ।

हिन्दू कुश-हिमाली क्षेत्रमा जनवकालत रणनीति सञ्चालन गर्ने क्रममा सोकार्यमा सम्लग्न हुने सम्भावित प्रशिक्षकहरूको प्रयोगका लागि यो प्रशिक्षक प्रशिक्षण निर्देशिका तयार गरी प्रकाशित गरिएको छ । स्थानीय स्तरमा सञ्चालन हुने जनवकालत रणनीति सम्बन्धी तालिमका प्रशिक्षकहरूले यस निर्देशिकाको प्रयोग गर्न सक्दछन् । स्रोत निर्देशिकाका रूपमा रहेको यस प्रशिक्षक प्रशिक्षण निर्देशिकामा समावेश भएका विस्तृत

विषयवस्तुले प्रशिक्षकलाई तालिमका लागि पर्याप्त मात्रामा आवश्यक सामग्री प्रदान गर्दछ । यो एक स्रोत निर्देशिकाको रूपमा रहेको निर्देशिकाले सामुदायिक सङ्घ-संस्था र सञ्जालहरूलाई सुसूचित गरी वैधानिक जनवकालतको पहल गरी पहाडी भेगका मानिसका आवश्यकता परिपूर्तीका लागि एक विकल्प अगाडि ल्याउन सहयोग गर्दछ । निर्देशिका तथा तालिम निर्देशिका दुबै सामान्य विकासे कार्यकर्ता जो जनकेन्द्रित तथा दीगो पर्वतीय विकास प्रवर्द्धनका क्षेत्रमा संलग्न् छन्, उनीहरूका आवश्यकता पूरा गर्न पनि उत्तिकै उपयोगी हुन सक्दछन् । यसका अतिरिक्त वैज्ञानिक ज्ञानको विकास (जसले जनवकालतका विषयमा सूचना दिन्छ) तथा नीति निर्माण गर्नु अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्रको लक्ष्य हो जुन् आफ्ना साझेदारसित मिलेर निरन्तर अभियानका रूपमा चलिरहन्छ र यो एक पर्वतीय सिकाईको ज्ञान भण्डारको रूपमा रहन्छ । यस निर्देशिकामा समावेश गरिएको ज्ञानले पहाडी क्षेत्रको आसपासमा बसोबास गर्ने जनताको गरिबी र संकटपूर्ण अवस्थामा कमी ल्याउनका लागि नीति निर्माण गर्न गराउनका लागि निरन्तर जनवकालत गर्ने वकालतकर्ताका लागि सहयोगी हुनेछ ।

डा. जे. ग्याब्रियल क्याम्पबेल
Dr. J. Gabriel Campbell
Director General
ICIMOD

# आभारोक्ति

सन् २००३ नोवेम्बरमा बङ्गलादेशको चिटगाउँमा हिन्दू कुश-हिमाली क्षेत्रका सामुदायिक सङ्घ-संस्थाहरूको जनवकालत रणनीतिक क्षमता अभिवृद्धि शीर्षकमा क्षेत्रीय स्तरमा सञ्चालन गरिएको कार्यशाला गोष्ठीमा गरिएको छलफलले यो निर्देशिका तयार गर्न मलाई प्रेरणा र अन्तरदृष्टि प्रदान गऱ्यो । यो कार्यशाला जनवकालतमा संभावित प्रशिक्षकहरूको सीप तत्काल विकास गर्नुपर्ने आवश्यकता छ भन्ने निष्कर्ष निकाल्दै समाप्त भएको थियो । त्यस कार्यशालामा सहभागी हुने सम्पूर्ण सहभागी जसले यो निर्देशिका तयार गर्नका लागि अमूल्य विचार र उत्साह प्रदान गर्नुभयो वहाँहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

सुरुमा यो निर्देशिका खेस्राको (Draft) रूपमा तयार गरिएको थियो । सन् २००४ को मार्च-जुलाईमा जनवकालत रणनीतिमा सामुदायिक संस्थाको क्षमता अभिवृद्धि शीर्षकमा काठमाडौँमा सञ्चालित क्षेत्रीय स्तरको प्रशिक्षक प्रशिक्षण कार्यशालामा यस खेस्रा निर्देशिका परीक्षण गरियो र त्यस कार्यशालाबाट प्राप्त सुझाव र सल्लाहलाई समेत समेटी यो निर्देशिका परिमार्जन गरी प्रकाशित गरियो । यस कार्यशालाका सम्पूर्ण सहभागीलाई यस निर्देशिकाको निर्माणका लागि उत्साहपूर्ण प्रतिक्रिया तथा अमूल्य सुझाव प्रदान गरी यस रूपमा ल्याउन सहयोग गर्नुहुने सहभागीहरूलाई म हार्दिक धन्यवाद दिन चाहन्छु ।

यो निर्देशिका तयार पार्ने क्रममा विभिन्न स्रोत सामग्रीको अध्ययन गरियो र आवश्यकताअनुसार यसमा प्रयोग गरिएको छ । पहाडी परिवेश सुहाउँदो हुने सिकाइका लागि आवश्यक र उपयुक्त साधनहरू उपलब्ध गराउन सोही अनुकूल स्रोत सामग्री सङ्कलन गरी यस निर्देशिकामा समावेश गरिएको छ । खासगरी स्रोत निर्देशिका Advocacy Tools and Guidelines: Promoting Policy Change प्रकाशन गर्ने CARE International[1] / Centre for Population and Development Activities (CEDAP) तालिम निर्देशिका Advocacy for Good Governance प्रकासित गर्ने CARE Nepal[2] प्रति म हार्दिक कृतज्ञता जाहेर गर्न चाहन्छु । साथै साधारण स्रोत उपलब्ध गराई यो निर्देशिका प्रकाशन गर्न महत्त्वपूर्ण सहयोग पुऱ्याउने राष्ट्रिय जनवकालत अध्ययन केन्द्र, (National Centre for advocacy Studies (NCAS) पुना, भारतलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

काठमाडौँमा आयोजित प्रशिक्षण कार्यशाला स्रोत व्यक्तिका रूपमा इसिमोडलाई सहयोग गर्नुहुने विभिन्न देशमा काम गरिसक्नु भएका अनुभवी प्रशिक्षक (जोसन्टोनी जोसेफ) Josantony Joseph (Josanton@vsnl.com) लाई यस निर्देशिकाको पुनरावलोकन, समीक्षा गरी यसका लागि थप महत्त्वपूर्ण विचार, साधन, क्रियाविधिहरू समावेश गर्न सहयोग गर्नुभएकोमा म हार्दिक सराहना गर्न चाहन्छु । अन्य धेरै जनाले यो निदेर्शिका तयार गर्ने क्रममा आफ्नो अमूल्य सूझाव, सल्लाह, विचार र समय प्रदान गरी सहयोग गर्नुहुने महानुभावहरूलाई मुरी मुरी धन्यवाद दिन चाहन्छु । विशेष गरी उद्धव भट्टराई, डिल्लीराम अधिकारी र सन्तोष शर्माले दिनु भएका विचार, सल्लाह र सहयोगका लागि हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । यसै गरी विचार माझ्न, क्रम, लय र भाषा सुधार गर्नका लागि Judith Amtzis ले दिनु भएको

[1] Sprechmann, S.; Pelton, E. *Advocacy Tools and Guidelines: Promoting Policy Change.* Copyright © 2001 Cooperative for Assistance and Relief Everywhere, Inc. (CARE). Used by permission. CARE International, Atlanta USA

[2] CEDPA; CARE Nepal (2003) *Advocacy for Good Governance.* Kathmandu: Centre for Population and Development Activities (CEDPA) and CARE Nepal (in Nepali)

सहयोगप्रति विषेश धन्यवाद दिन चाहन्छु । इसिमोडका Information, Management, Communication & Outreach Division (IMCO) सम्पादक मण्डलका साथीहरू धर्मरत्न महर्जन (Layout Design), आशाकाजी थकू (Redrawing Figures), रोजमेरी थापा (Consultant Editor), and A. Beatrice Murray (Editor) लाई यो निर्देशिका वर्तमान अवस्थामा तयार गरेर प्रकाशन गर्न सुनिश्चितता प्रदान गर्नु भएकोमा कृतज्ञता व्यक्त गर्न चाहन्छु । यस स्रोत निर्देशिका र प्रशिक्षक प्रशिक्षण निर्देशिका (TOT) का लागि उदाहरण चित्र तयार गर्ने कार्यमा सहयोग गर्नुहुने अजिता पाण्डेलाई पनि म धेरै धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा इसिमोडको Culture, Equity, Gender & Governance (CEGG) विभागका पूर्व कार्यक्रम प्रबन्धक अनुपम भाटिया जसले मलाई उत्साह, सहयोग र सुझाव प्रदान गरी यस निर्देशिका तयार गर्ने कार्यमा ठूलो मद्दत गर्नुभयो वहाँप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । यसै गरी यस CEGG का पूर्व सहकर्मीहरू सुमन राई, Phuntshok C. Tshering, Armila C. Shakya र आशिष सिन्हालाई वहाँहरूको सहयोग र उत्साहप्रति म कृतज्ञता ज्ञापन गर्न चाहन्छु।

अन्त्यमा गोबिन्द श्रेष्ठ र विष्णु के.सी. लाई यस कार्यमा सहयोग पुऱ्याउनका लागि हरेक प्रकारका आवश्यक सहयोग प्रदान गर्नु भएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

डा. नानीराम सुबेदी
संयोजक, विकेन्द्रीकरण र सुशासन
CEGG कार्यक्रम

## अनुवादकका तर्फबाट

राष्ट्रिय जनवकालत मञ्च, नेपाल (नाफान) श्रोतमाथिको पहुँचबाट बञ्चित दलित, उत्पीडित, महिला आदीबासी समुदायको हकअधिकार रक्षा गर्नका लागि जनवकालतको क्षेत्रमा लामो अनुभव बटुलि सकेका संस्थाहरुको साझा कार्यमूलक सञ्जाल हो । विकासको परिवर्तित अवधारणाको सन्दर्भमा अधिकारमुखी अवधारणा नै उत्तम विकल्प हुन सक्छ भन्ने मान्यताका साथ प्राकृतिक श्रोत व्यवस्थापन, मानवअधिकार, विकेन्द्रीकरण, सु-साशन, समता, र समानताका क्षेत्रमा कार्यरत संघ-संस्थाहरु बीच बिचार तथा अनुभव आदान-प्रदान गरी जनवकालत अभियानलाई संस्थागत गर्दै लैजाने उद्देश्य यस संस्थाले राखेको छ । जनवकालतका क्षेत्रमा कार्यरत सदस्य तथा सहयोगी संस्थाहरुको क्षमता अभिबृद्धि गरी जनताका पक्षमा नीति निर्माण गर्न प्रेरित गर्ने उद्देश्यले यस संस्थाको स्थापना भएको हो । आफ्नो स्थापनाकालदेखि नै यो संस्था जनताका हकअधिकारहरुको पक्षमा वकालती कार्यमा सक्रिय रहँदै आईरहेको छ ।

नेपालको वर्तमान अवस्थामा श्रोत माथिको पहुँचबाट बञ्चित समुदायको जीवनयापन र उन्नतिका लागी अधिकारको प्राप्ति, रक्षा र उपभोग गर्न सक्ने वातावरण सृजना गर्न गराउन सदस्य संस्थाहरु तथा अन्य सामुदायिक संघ-संस्थाहरुको जनवकालत रणनीतिमा क्षमता अभिबृद्धि गर्नु एक अपरिहार्य आवश्यकता भइसकेको छ । यही आवश्यकता पूरा गर्ने उद्देश्यले यस **'जनवकालत रणनीति तथा तरिकाहरु'** नामक प्रशिक्षक प्रशिक्षण निर्देशिका अनुवाद गरी प्रकाशन गरेका । यो निर्देशिका सुरुमा अंग्रेजी भाषामा अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (ICIMOD) द्वारा प्रकाशन गरिएको थियो । त्यसै अंग्रेजी संस्करणलाई सरल ढङ्गले आम नेपालीहरुले बुझ्न सक्ने गरी नेपाली भाषामा अनुवाद गरी प्रकाशन गरेका छौं । यो निर्देशिका जनवकालत अभियानमा लागेका संघ-संस्थाहरू तथा सर्वसाधारण जनताहरूका लागी पनि उत्तिकै उपयोगी हुनेछ भन्ने हामीले आशा राखेका छौं ।

संस्थाको स्थापनाकालदेखि नै महत्वपूर्ण सहयोग पुर्‍याउदै आएको अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (ICIMOD) ले यस निर्देशिका प्रकाशनमा पनि पुऱ्याएको आर्थिक तथा भौतिक सहयोग प्रति हार्दिक कृतज्ञता जाहेर गर्दछौं । निर्देशिका प्रकाशनका क्रममा महत्वपूर्ण सुझाव सल्लाह र उत्साह प्रदान गर्नुहुने अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (ICIMOD) का विकेन्द्रीकरण तथा सु-साशन विभागका संयोजक डा. नानीराम सुवेदीप्रति हार्दिक आभार प्रकट गर्दछु । यसैगरी अनुवादन कार्यमा सहयोग पुऱ्याउनु हुने अधिवक्ताहरु बसन्त बस्नेत, रन्जना थापा र प्रदिप चौहान लाई अन्यबाद दिन चाहन्छु । यस निर्देशिकाको भाषा सुद्धासुद्धी कार्यमा सहयोग पुऱ्याउनुहुने डिल्लीराम अधिकारी र ले-आउट डिजाइनर सुरेश महर्जनलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्तमा भाषाको हुबहु अनुवादन कार्य कठीन हुँदो रहेछ तसर्थ यो निर्देशिका अनुवादनका ऋममा केही कमिकमजोरी भएमा सुधारका लागि रचनात्मक सुझावहरुलाई सदैव स्वागत गर्दछु ।

अनुवादक
राम प्रसाद गौतम
राष्ट्रिय कार्यक्रम अधिकृत
राष्ट्रिय जनवकालत मञ्च, नेपाल (नाफान)

कार्तिक २०६२

# बिषय सूची


प्राक्कथन
आभारोक्ति
अनुवादकका तर्फबाट
यस निर्देशिकाको बारेमा
कार्यशालाको पाठ योजना

**पहिलो दिन – दर्ता, परिचय, र उद्घाटन** **९**
सत्र – १ दर्ता, उद्घाटन र परिचय १०
सत्र – २ तालिमको सन्दर्भ २०
सत्र – ३ विकासमा प्रतिमान परिवर्तन (Paradigm Shift) २८
सत्र – ४ समाजिक संरचना र शक्ति सन्तुलन ४७

**दोस्रो दिन – जनवकालतको अर्थ र उद्देश्य** **६५**
सत्र – ५ जनवकालतको अर्थ र उद्देश्य ६६
सत्र – ६ जनवकालत र सुशासनबीच सम्बन्ध ८०
सत्र – ७ जनवकालतका चरणहरू – सवालको पहिचान र विश्लेषण ९१
सत्र – ८ खुला सत्र १०४

**तेस्रो दिन – नीतिगत सवाल, लक्षित श्रोता, सहयोगी र विरोधी** **१०५**
सत्र – ९ जनवकालतका चरणहरू – नीतिगत सवाल, दूरदृष्टि र लक्ष्यको छनोट १०६
सत्र – १० जनवकालतका चरणहरू – लक्षितगण, मित्र र विरोधीहरूको छनोट ११३
सत्र – ११ जनवकालतका चरणहरू – मैत्रीगण निर्माण र सञ्जाल १२१
सत्र – १२ जनवकालतका चरणहरू – सञ्चार जनवकालत १२८

**चौथो दिन – जनवकालतको रणनीति, भूमिका, बजेट तथा अनुगमन** **१३७**
सत्र – १३ जनवकालतका चरणहरू – जनवकालतको रणनीतिलाई अन्तिम रूप दिनु १३८
सत्र – १४ जनवकालतका चरणहरू – क्रियाकलाप, समयसीमा र बजेट १४५
सत्र – १५ जनवकालतका चरणहरू – अनुगमन र मूल्याङ्कन १५२
सत्र – १६ आधारभूत अवस्था र बातचीतका रणनीति १५९

**पाँचौ दिन – जनवकालतका साधन, क्रियाविधि, राज्यस्तरको रणनीति** **१६७**
सत्र – १७ जनवकालत क्रियाविधि: जनवकालत पहलका समसामयिक क्रियाविधि १६८
सत्र – १८ जनवकालतका साधन: जनवकालत पहलका केही क्रियाविधि १७५
सत्र – १९ राज्यस्तरका रणनीति – घरफर्केपछिको योजना १८०
सत्र – २० मूल्याङ्कन र समापन १८३